# बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ माथि राष्ट्रिय मानव अधिकार आयोगको सुझाव

**१९ चैत,२०६९**

## पृष्ठभूमि

तत्कालीन नेकपा माओवादीले २०५२ साल फागुन १ गते सशस्त्र द्वन्द्वको घोषणा गरेपछि २०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) -बीच बिस्तृत शान्तिसम्झौता भएको छ । यस अविधिमा द्वन्द्वरत दुवै पक्षहरूबाट गराइएका हत्या, बलपूर्पक बेपत्ता, अपहरण, यातना, कुटपिट, यौनजन्य हिंसा, धम्की, सम्पत्ति कब्जा एवम् नष्ट, लुटपाट तथा बलपूर्वक विस्थापन लगायतका मानव अधिकार हनन्का घटनाहरूबाट हजारौँ नागरिकहरू पीडित हुन पुगेका छन् । सो बिस्तृत शान्तिसम्झौता र त्यसपछि राजनीतिक दलहरूबीच विभिन्न समयमा सम्पन्न भएका सम्झौताहरू एवम् नेपालको अन्तरिम संविधान २०६३ मा सत्य-निरूपण तथा मेलमिलाप आयोगर उच्चस्तरीय बेपत्ता छानबिन आयोगको स्थापना गरी द्वन्द्वपीडित नागरिकहरूलाई न्याय दिने उल्लेख गरिएबाट सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकार हनन् भई पीडित हुन पुगेका व्यक्तिहरूले राज्यबाट न्यायप्राप्तिको अपेक्षा गरे पनि शान्तिसम्झौता भएको ६ वर्ष बितिसक्दा पनि सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको स्थापना हुन नसक्दा उनीहरूलाई थप पीडाबोध भएको छ ।

सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको निर्माण गर्ने कानुनहरूको तर्जुमा गर्ने क्रममा राष्ट्रिय मानव अधिकार आयोगले सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू विकसित अन्तर्राष्ट्रिय अभ्यासअनुरूप स्वतन्त्र, सक्षम, अधिकार सम्पन्न एवम् निष्पक्ष हुनुपर्दछ भन्ने धारणा सार्वजनिक गर्दै आएको छ । विगतको संविधानसभामा विचाराधीन रहेका सत्य-निरूपण तथा मेलमिलाप आयोग र उच्चस्तरीय बेपत्ता छानबिन आयोगसम्बन्धी विधेयकहरूमा आयोगले सरोकारवालाहरूसँग परामर्श गरी पटक-पटक सुझावहरू दिएको थियो । यसको साथै आयोगका अध्यक्षबाट नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीलाई २०६९/१/५ गते र २०६९/४/२९ गते पत्राचार गरी सत्य-निरूपण आयोगको खुकुलो, बिस्तृत र सक्षम अधिकारसहित अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको कार्यक्षेत्र हुनुपर्ने भनी सुझाव दिनुको साथै आयोगसम्बन्धी कानुन निर्माण गर्दा सरोकारवालाहरूसँग छलफल र परामर्शको लागि समेत ध्यानाकर्षण गराइएको थियो । यसै क्रममा नेपाल सरकारले **बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलापआयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९** निर्माण गरी २०६९ चैत १ गते नेपाल राजपत्रमा प्रकाशन गरेपछि यस विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट टिकाटिप्पणी भइरहेको छ ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन मानव अधिकारसँग प्रत्यक्ष रूपले सम्बन्धित भएको हुँदा आयोग एवम् सरोकारवालाहरूबाट सुझाव लिएरमात्र निर्माण गर्नको लागि यस आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ६ मा समेत मानव अधिकारसँग सम्बन्धित कानुनमा आयोगले नेपाल सरकारलाई राय उपलब्ध गराउने व्यवस्था गरेको छ । यति गम्भीर विषयमा कानुन बनाउँदा नेपाल सरकारले आयोगसँग परामर्श लिनुपर्नेमा आयोगले मस्यौदा भइरहेको विधेयक उपलब्ध गराउन आग्रह गर्दा त्यसको समेत बेवास्ता गरी कानुन निर्माण भएको देखिन्छ, यद्यपि यस कानुनलाई मानव अधिकारसम्मत र प्रभावकारी बनाउन मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय काननूहरूको आधारमा अध्यादेशको अध्ययन गरी यसका सबल एवम् कमजोर पक्षहरूको विश्लेषण गरी सुझावहरू प्रस्तुत गरिएको छ ।

## अध्यादेशका सबल पक्षहरू

लामो समयदेखि न्यायको पखाईमा बसेका पीडितहरूलाई न्याय दिनको लागि कानुन निर्माण गर्ने कार्य आफैँमा सकारात्मक कदम हो । मानव अधिकारको दृष्टिकोणबाट अध्यादेशको अध्ययन गर्दा निम्न कुराहरू सकारात्मक रहेको पाइन्छः–

- आयोगको गठन प्रकृया, स्वतन्त्रता तथा निष्पक्षतासम्बन्धी प्रावधानहरू समावेश रहनु,
- छानबिनको लागि अधिकारहरू प्रदान गरिनु,
- साक्षी एवम् अन्य व्यक्तिहरूको सुरक्षासम्बन्धी प्रावधानहरू राखिनु,
- पीडितहरूलाई परिपूरणको व्यवस्था रहनु,
- मेलमिलापसम्बन्धी व्यवस्थाहरू रहनु,
- आयोगको सिफारिस कार्यान्यिन गर्ने व्यवस्थाहरू रहनु, आदि ।

**अध्यादेशका कमजोर पक्षहरू**

गम्भीर प्रकृतिका मानव अधिकार हनन् तथा मानवताविरुद्वको अपराधमा संलग्न व्यक्तिहरूलाई माफी दिन नसकिने स्पष्ट प्रावधान नहुनु अध्यादेशको सबैभन्दा कमजोर पक्ष हो । यसबाट सङ्क्रमणकालीन न्यायका संयन्त्र पीडितलाई न्याय दिनेभन्दा पनि माफीमा केन्द्रित हुन सक्ने आशङ्का भएको छ । यसअलावा अध्यायदेशमा निम्न कमिकमजोरीहरू रहेका छन्, जसबाट पीडितले न्यायबाट वञ्चित हुनुपर्ने अवस्था छः–

- अध्यादेशको नाममा नै बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरू हुनुपर्नेमा बेपत्ता भएका व्यक्तिहरू भन्ने उल्लेख हुनु,
- मानव अधिकारको गम्भीर उल्लङ्घनको स्पष्ट परिभाषा नगरिनु तथा क्षमादान दिन सकिने र नसकिने कार्यहरूमा फरक नछुटचाइनु,
- क्षमादान दिँदा पीडितहरूसँग अनिवार्य रूपमा सहमति लिनुपर्ने कुरालाई अङ्गिकार गर्न नसक्नु,
- आयोगले दोषी भनी किटान गरी मुद्दा चलाउन सिफारिस गरेका व्यक्तिहरूलाई मुद्दा चलाउने सुनिश्चितता नहुनु, (मुद्दा चलाउन मन्त्रालय र त्यसपछि महान्यायाधिवक्तालाई अधिकार दिइएकोले त्यसको कार्यान्वयन हुने सम्भावना अत्यन्त न्यून देखिन्छ ।),
- व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य र यातनाजस्ता गम्भीर प्रकृतिका मानव अधिकार हनन्का घटनाहरूलाई अपराधीकरण गर्न नसक्नुले यस्ता कार्यमा संलग्न दोषीहरूले उन्मुक्ति पाउने अवस्था रहनु,
- परिपूरणलाई पीडितहरूको अधिकारको रूपमा ग्रहण गर्न नसक्नु,
- सत्य अन्वेषणको लागि सहयोग गर्ने व्यक्तिहरूलाई प्रोत्सहानको व्यवस्था नहुनु र
- सिफारिस कार्यान्वयनको फितलो व्यवस्था हुनु, आदि ।

**अष्पष्ट विषयहरूः**

- राष्ट्रिय मानव अधिकार आयोग र अदालतसँग सङ्क्रमणकालीन न्यायको संयन्त्रको सम्बन्ध, समन्वय र सहकार्यको बारेमा अध्यादेश कुनै कुरा उल्लेख नभएको र आयोग तथा अदालतबाट भएका निर्णयहरू एवम् विचाराधीन मुद्दाहरू एवम् उजुरीहरूसमेतका विषयमा के हुने भन्ने कुरामा अध्यादेश मौन हुँदा यी विषयहरूमा थप अन्यौलता कायम भएको छ ।

**कानुनमा सुधार गर्नको लागि सुझावहरूः**

- सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनले गम्भीर प्रकृतिको मानव अधिकार हनन् र मानवताविरुद्वको अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनी कारबाही गर्ने सुनिश्चिता गर्नुपर्दछ । बलपूर्वक बेपत्ता र यातनाजस्ता गम्भीर

प्रकृतिका मानव अधिकार हननका विषयहरूलाई अपराधीकरण गरी पश्चात्दर्शी प्रभावसहितको सजायको व्यवस्था गरिनुपर्दछ ।

- गम्भीर प्रकृतिका अपराध, मानवताविरुद्धको अपराध र युद्धअपराधमा क्षमादान नहुने सुनिश्चितता हुनुपर्दछ । क्षमादानको विधि र प्रकृया स्पष्ट हुनुपर्दछ ।
- मानव अधिकार हननका दोषीलाई माफी दिँदा पीडितको स्वतन्त्र सहमति हुनुपर्ने कुरा सुनिश्चित हुनुपर्दछ ।
- सङ्क्रमणकालीन न्यायका संयन्त्रले दिएको सिफारिस कार्यान्वयन हुने सुनिश्चितता हुनुपर्दछ । आयोगबाट दोषीमाथि मुद्दा चलाउन गरिएको सिफारिस कार्यान्यवन हुने सुनिश्चिता हुनुपर्दछ ।
- परिपूरणलाई पीडितको अधिकारको रूपमा स्थापित गर्नुपर्दछ ।
- सङ्क्रमणकालीन न्यायको संयन्त्रको राष्ट्रिय मानव अधिकार आयोग र अदालतसँगको सम्बन्ध, समन्वय एवम् सहकार्य र निर्णय भइसकेका र विचाराधीन मुद्दा एवम् उजुरीहरूको सम्बन्धमा के हुने भन्ने स्पष्टता हुनुपर्दछ ।
- राष्ट्रिय मानव अधिकार आयोगलाई सिफारिस कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी दिइएको सन्दर्भमा सङ्क्रमणकालीन न्यायको संयन्त्रले दिने प्रतिवेदन तथा अभिलेखहरूको एकप्रति राष्ट्रिय मानव अधिकार आयोगलाई पनि बुझाउने प्रावधान राखिनुपर्दछ ।
- सङ्क्रमणकालीन न्यायका संयन्त्रले लैङ्गिक सवालमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को घोषणा, १३२५ र १८२० लाई सम्बोधन गर्नुपर्दछ ।
- सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूबाट सत्यको अन्वेषण (Truth Seeking), अभियोजन (Prosecution), परिपूरण (Reparation), मानव अधिकारको गम्भीर हननमा संलग्न व्यक्तिहरूलाई सार्वजनिक पदबाट हटाउने कार्य (Vetting) र संस्थागत सुधार (Institutional Reform) –सम्बन्धी कार्यहरू गरिने हुँदा यी पाँच ओटै कार्यहरूलाई अङ्गीकार गरेर पीडितलाई न्याय दिदै मेलमिलाप (Reconciliation) गर्ने किसिमको कानुन निर्माण गर्नुपर्दछ ।
- सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्रहरूको निर्माण गर्दा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू एवम् संयुक्त राष्ट्रसङ्घले जारी गरेका घोषणापत्रहरू एवम् निर्देशिकाहरू विशेषरूपले UN Human Rights Council Declaration on the Right to the Truth, 2005 and Updated Set of Principles for the Protection and Promotion of Human Rights through Action to Combat Impunity, 2005 तथा नेपालको अन्तरीम संविधान, २०६३ का सम्बन्धित प्रावधानहरू एवम् अन्तर्राष्ट्रिय अभ्यासहरूलाई आधार लिई त्यसको विपरीत नहुने गरी कानुनहरूको निर्माण गर्नुपर्दछ ।
- सशस्त्र द्वन्द्वको क्रममा भएका गम्भीर मानव अधिकार हनन् तथा मानवताविरुद्धका अपराधका घटनामा संलग्न दोषीहरूलाई पूर्णरूपमा उन्मुक्ति दिने कुराले देशमा दण्डहीनताको संस्कृति मौलाउने कुरा स्पष्ट छ । विद्यमान अन्तर्राष्ट्रिय मापदण्डहरू विपरीत ल्याइएको प्रस्तुत अध्यादेशले सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिहरूलाई न्याय दिन नसक्ने देखिएको हुँदा त्यसमा व्यापक परिमार्जन गर्नुपर्दछ ।
- सशस्त्र द्वन्द्वको क्रममा भएका घटनाहरूको विषयमा राष्ट्रिय मानव अधिकार अयोगले गरेका सिफारिसहरूको पूर्णरूपमा कार्यान्वयन गरिनुपर्दछ ।
- राष्ट्रिय मानव अधिकार आयोगले सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको माध्यमबाट सत्य-निरूपण, पीडितलाई न्याय र परिपूरण, मेलमिलाप र शान्ति निर्माणमार्फत द्वन्द्व-निरूपणका आधारहरू निर्माण गर्नुपर्ने स्पष्ट धारणा राख्दै आएको छ । आयोगले गम्भीर प्रकृतिका मानव अधिकार हनन् एवम् अपराधमा संलग्न व्यक्तिहरूको मुद्दा फिर्ता लिने र आममाफी दिने कार्यले समाजमा दण्डहीनताको संस्कृति मौलाउने कुरामा सजग गराउँदै आएको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले यसअघि नै दिएको सत्य-निरूपण तथा मेलमिलाप आयोग एवम् बेपत्ता

छानबिन आयोगसम्बन्धी विधेयकहरूमाथिको सुझावमा उल्लिखित प्रावधानहरूसमेतलाई समावेश गरी जारी गरिएको अध्यादेशमा परिमार्जन गरी कानुनको निर्माण गरेर सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको अविलम्ब निर्माण गर्नको लागि आयोग नेपाल सरकार तथा राजनीतिक दलहरूलाई आग्रह गर्दछ ।

## अध्यादेशमा सुधार गर्नुपर्ने पक्षहरू

| अध्यादेशमा रहेका कमजोरीहरू | सुधार गर्नुपर्ने कुराहरू | आधार एवम् सम्बन्धित मापदण्डहरू |
|---|---|---|
| अध्यादेशको नाममा *बेपत्ता भएका व्यक्तिको छानबिन....* भन्ने उल्लेख भएको जुन् वाक्याँशले हराएका व्यक्तिसमेतलाई जनाउँदछ । | अध्यादेशको नाममा *बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरू* भन्ने वाक्याँश राखी परिभाषा खण्डमा बलपूर्वक बेपत्ता पर्ने कार्यको परिभाषालाई थप स्पष्ट गर्नुपर्ने । | द्वन्द्वरत पक्षहरूबाट बेपत्ता पारिएका व्यक्तिहरूको परिभाषा स्पष्ट गरी सोही कुरामा सीमितता ल्याउन । |
| दफा २३ मा मानव अधिकारको गम्भीर उल्लङ्घन एवम् मानवताविरुद्धको अपराध तथा युद्धअपराधमासम्बन्धी घटनामा संलग्न व्यक्तिहरूलाई क्षमादान गर्न नसकिने स्पष्ट व्यवस्था भएको पाइदैँन । | मानव अधिकारको गम्भीर उल्लङ्घन एवम् मानवताविरुद्धको अपराध तथा युद्धअपराधका घटनामा संलग्न व्यक्तिहरूलाई क्षमादान गर्न नसकिने स्पष्ट व्यवस्था समावेश गर्नुपर्ने । | सर्वोच्च अदालतको २०६४ साल जेष्ठ १८ गतेको अधिवक्ता राजेन्द्रप्रसाद ढकालसमेत वि. नेपाल सरकारसमेत भएको मुद्दाको फैसलामा *बेपत्ता पार्ने कार्यमा संलग्न भई मुद्दा चलाइएको अवस्थामा वा सजाय तोकिएका व्यक्तिहरूलाई माफी दिन नमिल्ने भनी* सन्दर्भसमेत उल्लेख गरिएको । |
| दफा २३ (४) मा क्षमादानको लागि सिफारिस गर्दा पीडितसँग सल्लाह गर्न सक्नेछ भन्ने व्यवस्थाले क्षमादान दिँदा पीडितको सहमति लिनुपर्ने कुरालाई स्वीकार गर्न सकिदैँन । | क्षमादानको लागि सिफारिस गर्दा अनिवार्य रूपमा पीडितको सहमति लिनुपर्ने व्यवस्था राख्नुको साथै पीडितको यस्तो सहमति करकाप वा कुनै प्रलोभनबिना स्वतन्त्र रूपमा भए नभएको कुरामा समेत आयोग सुनिश्चित हुने प्रावधान राखिनुपर्ने । | सङ्क्रमणकालीन न्यायको प्रकृयामा पीडितको सहभागिता एवम् सहमतिलाई उच्च-प्राथमिकतामा राख्ने अन्तर्राष्ट्रिय अभ्याससमेत भएको । |
| अपराध स्वीकार नगर्ने व्यक्तिलाई तथा सत्यतथ्य नभनेर आयोगको अनुसन्धानमा सहयोग नगर्ने व्यक्तिलाई क्षमादान दिन नहुने तथा घटनाको बारेमा यथार्थ तथ्य बोलेर सत्यतथ्य स्थापित गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई सजायमा कमी गर्न सकिने व्यवस्था समावेश गरिएको छैन । | • अपराध स्वीकार नगर्ने व्यक्तिलाई तथा सत्यतथ्य नभनेर आयोगको अनुसन्धानमा सहयोग नगर्ने व्यक्तिलाई क्षमादान दिन नहुने उल्लेख गरिनुपर्ने ।<br>• घटनाको बारेमा यथार्थ तथ्य बोलेर सत्यतथ्य स्थापित गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई सजायमा कमी गर्न सकिने | व्यक्तिहरूलाई सत्य वोल्न उत्प्रेरित गर्न यसप्रकारको व्यवस्था राख्नु उपयुक्त हुने अन्तर्राष्ट्रिय अभ्यासहरूसमेत भएको । |

| | | |
|---|---|---|
| | व्यवस्थासमेत राख्न उपयुक्त हुने । | |
| दफा २९ (१) मा मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको व्यक्तिउपर आयोगको सिफारिसको आधारमा मुद्दा चलाउन मन्त्रालयबाट लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले त्यस्तो व्यक्तिउपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्नेछ भन्ने उल्लेख छ । यो व्यवस्थाले दण्डहीनतालाई प्रश्रय दिने देखिन्छ । | आयोगले सिफारिस गरेकोमा मुद्दा चलाउनुपर्ने बाध्यात्मक व्यवस्था गरिनुपर्ने । | • आयोगको सिफारिस प्रभावकारी रूपले कार्यान्वयन हुने कुरा सुनिश्चित गर्नको लागि यस किसिमको व्यवस्था राख्नु आवश्यक देखिएको । |
| मानव अधिकारको गम्भीर उल्लङ्घनअन्तर्गत पर्ने व्यक्तिलाई बलपूर्वक बेपत्ता पर्ने कार्य र यातना दिने कार्यलाई हालसम्मको कानुनले अपराध घोषणा नगरेको हुँदा बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिले पूर्णरूपमा उन्मूक्ति पाउने तथा यातना दिने कार्यमा संलग्न व्यक्तिलाई बढीमा विभागीय सजायसम्म हुने अवस्था आई यी दुवै प्रकृतिका गम्भीर मानव अधिकार हननमा संलग्न व्यक्तिहरूले उन्मुक्ति पाउने अवस्था देखिन्छ । | व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य र यातना दिने कार्यलाई कानुनद्वारा अपराध घोषणा गरी उपयुक्त सजायको प्रावधान राखी पश्चात्दर्शी असर हुने गरी लागू हुने व्यवस्था समावेश गर्नुपर्ने । | • सर्वोच्च अदालतको २०६४ साल जेठ १८ गतेको फैसलामा समेत पश्चात्दर्शी असर हुने गरी बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा गर्ने गरी कानुन बनाउन र दोषीलाई कारबाही गर्न अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको बेपत्ता छानबिन आयोग गठन गर्न आदेश भएको ।<br>• नेपालले नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि र यातनाविरुद्धको महासन्धि अनुमोदन गरिसकेको तथा नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धिको धारा २ ले पीडित व्यक्तिको न्यायप्राप्ति अधिकारसम्बन्धी व्यवस्था गरेको ।<br>• यातनाविरुद्धको महासन्धिको धारा ४ ले यातना दिने कार्यलाई राज्यले कानुनद्वारा अपराध घोषणा गर्नुपर्ने कुरा उल्लेख गरेको ।<br>• बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धिको धारा ४ ले बेपत्ता पार्ने कार्यलाई राज्यले कानुनद्वारा अपराध घोषणा गर्नुपर्ने भनी उल्लेख गरेको<br>• सोही महासन्धिको धारा ३ ले |

| | | |
|---|---|---|
| | | दोषीलाई कानुनको दायरामा ल्याई कारबाही गर्ने सुनिश्चिता हुनुपर्ने भनी उल्लेख गरेको ।<br>● यसैगरी धारा ५ ले व्यापक र व्यवस्थित रूपमा गरिएको बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराधको रूपमा परिभाषित गरेको । |
| दफा ३० मा आयोगको सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई दिएको पाइन्छतर आयोगलाई कुनै अभिलेख प्रतिवेदन वुझाउने भन्ने कुरा ऐनमा उल्लेख नभएकोले अनुगमन गर्न समस्या हुने देखिन्छ । | आयोगलाई एकप्रति अभिलेख तथा प्रतिवेदन बुझाउने व्यवस्था समावेश गर्नुपर्ने । | राष्ट्रिय मानव अधिकार आयोगलाई सिफारिस कार्यान्वयनको प्रभावकारी अनुगमनको लागि अभिलेख तथा प्रतिवेदन आवश्यक पर्ने । |
| सङ्क्रमणकालीन न्यायसम्बन्धी यसअघि राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिस एवम् अनुसन्धान तथा अदालतले गरेका फैसला एवम् अदालतमा विचाराधीन रहेका मुद्दाहरू तथा यस आयोगले अनुसन्धान गरिरहेका उजुरीहरूको सम्बन्धमा बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोगको सम्बन्ध के हुने भन्ने सम्बन्धमा समेत अध्यादेश मौन छ । | यी विषयमा अध्यादेशमा नै स्पष्ट प्रावधान राखिनुपर्ने । | राष्ट्रिय मानव अधिकार आयोग, अदालत एवम् सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको सम्बन्ध र क्षेत्राधिकार तथा समन्वय र सहकार्य सम्बन्धी स्पष्टताको लागि यस प्रकारको व्यवस्था ऐनमा नै स्पष्ट हुनुपर्ने । |